# #TNIfriendlyEdi : पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्ति र अन्तर्लिङ्गी व्यक्ति मैत्रीपूर्ण शैक्षिक संस्था

पारलिङ्गी व्यक्तिहरू लगायत गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरू, जस्तै द्रवलिङ्गी, क्वयेरलिङ्गी, गैरानुरूपलिङ्गी, अलिङ्गी, दुइलिङ्गी, मिश्रितलिङ्गी, तेस्रोलिङ्गी एवं अन्तर्लिङ्गी विविधता भएका व्यक्तिहरू, शैक्षिक क्षेत्रमा संस्थागत, नीतिगत र सामाजिक विभेद भोग्दै आएका छन्।

नीतिगत र संस्थागत विभेद अन्तर्गत पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरू तथा अन्तर्लिङ्गी व्यक्तिहरूको विशिष्ट विषयहरू असमावेश भएको नीति पर्दछ।

रुक्शना कपाली, एक पारलिङ्गी महिलाको त्रिभुवन विश्वविद्यालय दर्ता फारम अस्वीकार गरियो। अधिकारीहरूका अनुसार पारलिङ्गी विद्यार्थीहरूलाई दर्ता गराउने कुनै प्रावधान नै छैन। नेपाल सरकारले नागरिकताका सवालमा पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरू तथा अन्तर्लिङ्गी व्यक्तिहरूलाई चिने तापनि सो नागरिकता लिसकेपछीका अधिकांश ढोकाहरू बन्द नै छन्। उनी त्रिचन्द्र बहुमुखि क्याम्पसमा स्नातक तहको मानविकी संकाय (समाजशात्र र भाषाविज्ञान)मा भर्ना भएका छन्। #TransExclusionistTU भनी अनलाइनमा सम्प्रेषण गरिएको छ।

वि.सं. २०६८मा लोक सेवा आयोगको परिक्षा र वि.सं. २०६९मा एम.एड. परिक्षाबाट नक्कली विद्यार्थी भनी एक अन्तर्लिङ्गी विद्यार्थी इशान रेग्मीलाई परिक्षाबाट वञ्चित गराइयो।

पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका व्यक्तिहरू तथा अन्तर्लिङ्गी व्यक्तिहरू शैक्षिक संस्थाहरूमा प्रशासन, शिक्षक तथा अरु विद्यार्थीहरूबाट विभेद, दुर्व्यवहार र बुलिङको सिकार भएका छन्। पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी विद्यार्थीहरूले यो दिनहुँ भोग्नु पर्ने हुन्छ। स्कुल, कलेज र विश्वविद्यालय हरेकको जीवनमा एक महत्वपूर्ण क्षेत्र हो। यस्ता क्षेत्रहरू नै अमैत्रीपूर्ण बनीदिँदा कतिपय व्यक्तिहरू शिक्षा छोड्न बाध्य भएका छन्। थप, नीतिगत बाधाहरूका कारण शिक्षा हासिल गर्नु अझै चुनौतीपूर्ण हुन जान्छ। जब कि शिक्षा हरेकको व्यक्तिगत विकासको महत्वपूर्ण पाटो हो, हामी यसबाट वञ्चित छौँ। पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गीहरू प्रति हुने विभेद सम्बन्धी आवश्यक नीति नहुँदा कुनै कानुनी न्याय प्रणाली अपनाउन पनि हामीलाई चुनौती छ।

अझ त पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी विशेषका मुद्दाहरू ध्यानाकर्षणमा आएकै छैनन्।

**मागहरू:**

* पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी विद्यार्थीहरूको शिक्षाको मौलिक अधिकारबाट वञ्चित गर्ने प्रचलित कानुन तथा नीतिहरू संसोधन गरिनुपर्दछ
* शिक्षाको कानुन र नीतिलाई पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी विद्यार्थीहरू प्रति संवेदनशील र उनीहरूको विशेष मुद्दाहरू समावेश हुने मैत्रीपूर्ण नीति तथा कानुन हुनुपर्ने
* लिङ्गका महलमा 'अन्य' विधाको समावेश। 'अन्य' विधालाई छान्ने विद्यार्थीहरूलाई लैङ्गिक तटस्थ शब्द (जस्तैः सन्तान, श्री, इत्यादी) शब्दहरूले सम्बोधन गर्नुपर्ने
* पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी व्यक्तिहरूका निम्ति शैक्षिक क्षेत्रमा विभेद विरुद्धको एउटा नीति बनाउनुपर्ने

* पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी विद्यार्थीहरूको कानुनी नाम परिवर्तन गर्न पाउनुपर्ने। कुनै १६ वर्ष नाघेको विद्यार्थीले सम्बन्धित शैक्षिक निकायलाई आफ्नो लैङ्गिक पहिचान पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी रहेको खुलाई निवेदन दिएमा सोही अनुसारको लैङ्गिक पहिचान र सो अनुरूप रोजिएको नाम राख्न पानुपर्छ।

**बोधार्थ:**

पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी व्यक्तिहरूको जन्म दर्ताको नाम हुन्छ जुन उनका अभिभावकले हालेका हुन्छन्। सोही नाम स्कुलमा कायम हुन्छ। हाम्रो समाजमा अझै पनि पारलिङ्गी, गैर-द्वयसांखिक लैङ्गिक पहिचान भएका तथा अन्तर्लिङ्गी व्यक्तिहरूलाई स्वीकार गरिएको छैन। त्यसैले विभिन्न व्यक्तिहरू आफ्नो जीवनको विभिन्न समयमा मात्र खुलेर आउने मौका पाउँछन्। सबैजना खुलेर आउने वातावरण पनि छैन। त्यस कारण खुलेर आइसकेपछी आफ्नो लैङ्गिक पहिचान अनुसार कानुनी कागजातमा लिङ्ग र नाम परिवर्तन गर्न पाउने व्यवस्था हुनुपर्छ। नेपाल सरकारले पनि लिङ्गका महलमा 'अन्य' भनी पहिचान गरेका छन्। शैक्षिक क्षेत्रमा पनि त्यसको व्यवस्था हुनुपर्छ। त्यो सँगै एउटा खाली ठाउँ जहाँ नीजले आफ्नो लैङ्गिक पहिचान लेख्न सकून् 'अन्य _______' (जस्तै: अन्य: अन्तर्लिङ्गी, अन्य: पारलिङ्गी महिला, अन्य: पारलिङ्गी पुरुष, अन्य: द्रवलिङ्गी, अन्य: क्वयेरलिङ्गी, अन्य: तेर्सोलिङ्गी, इत्यादी)। 'अन्य' विधालाई छान्ने विद्यार्थीहरूलाई लैङ्गिक तटस्थ शब्द (जस्तै: सन्तान, श्री, इत्यादी) शब्दहरूले सम्बोधन गर्नुपर्दछ। यस परिवर्तन पश्चातका सबै शैक्षिक कागजातमा पनि यही अनुरुप राख्न पाउनुपर्छ भने इच्छ्या भएमा यस अघिका कागजातहरू पनि परिवर्तन गर्न पाउनुपर्दछ।

यी नीतिहरूलाई सम्मननीय सर्वोच्च अदालतको ०७०-WO-०२८७ परमादेशले पनि समर्थन गर्दछ।

**क्वयेर युवा समूह**